आज मिति २०६६ साल ~~मंसिर~~ पुस ८ गते बुधबारको दिन यस देवानगञ्ज गाउँपालिका, गाउँ पालिकाका कार्यपालिकाको अध्यक्षज्यू श्री लाली प्रसाद मेहताज्यू को अध्यक्षतामा बसेको गाँउ कार्यपालिकाको बैठकमा देहाय बमोजिमका उपस्थितीमा तपसिल बमोजिमका निर्णय गरियो।

**उपस्थिती**

| | | | |
|---|---|---|---|
| श्री लाली प्रसाद मेहता | अध्यक्ष | - | लालीप्रसाद |
| श्री पुनीता देवी यादव | उपाध्यक्ष | - | पुनीता |
| श्री सूर्य नारायण पाल | वडा अध्यक्ष वडा नं. १ | - | |
| श्री मजलुम मिंया | " " " " २ | - | |
| श्री अनिल कुमार भगत | " " " " ३ | - | |
| श्री चन्देश्वर प्रसाद मेहता | " " " " ४ | - | |
| श्री अशोक यादव | " " " " ५ | - | |
| श्री देवनारायण मेहता | " " " " ६ | - | |
| श्री बद्री प्रसाद यादव | " " " " ७ | - | |
| श्री रेखा देवी सरदार | कार्यपालिका सदस्य | - | रेखा |
| श्री सोनी देवी यादव | " " | | सोनी |
| श्री चन्द्रकला देवी दास | " " | | |
| श्री राज कुमारी शाह | " " | | |
| श्री नरेश शर्मा | " " | | नरेश |
| श्री महानन्द पाल | " " | | |
| श्री चुडामणी गुरागाई | सदस्य सचिव | - | |

**आमन्त्रित**

| | | | |
|---|---|---|---|
| श्री बाल कुमार श्रेष्ठ | कम्प्युटर अपरेटर (प्रशासन) | - | |
| श्री चन्द्रशेखर सिन्हा | सब - ई. | - | |
| श्री महेश कुमार तुलाधर | | - | |
| श्री नरेश कुमार तुलाधर | | - | |
| श्री उमेश कुमार तुलाधर | | - | उमेश |
| श्री दिनेश तुलाधर | | - | |
| श्री विन्देश्वर यादव | लेखापाल | - | |

**प्रस्तावहरु:**

१. अ.हे.व. र अ.न.मी. को परीक्षा सम्बन्धमा।

२. आर्थिक सहयोग सम्बन्धमा।

३. आ.व. २०६५/०६६ को लेखा परिक्षण सम्पन्न गरी महलेखवाले पेश गरेको प्रतिवेदनमा

उल्लेखित बेरूजु सम्बन्धमा।
४. ठेक्का स्वीकृत सम्बन्धमा।
५. देवानगञ्ज-४ मा बस स्टेण्ड जग्गा सम्बन्धमा।
६. राजस्व छुट सम्बन्धमा।

निर्णयहरु:

१. प्रस्ताव नं. १ मा छलफल गर्दा गा. पा. बाट मिति २०६६/११/१५ मा प्रकाशित सूचना अनुसार अ.हे.व. र अ.न.मी को दरखास्त लिई परीक्षा स्थगित गरिएकोमा सो परीक्षालाई संचालनका लागि छनौट समितिलाई निर्देशन दिने निर्णय गरियो।

२. प्रस्ताव नं. २ मा छलफल गर्दा देवानगञ्ज-१ मा भएको मुसहर समुदायको संस्था दिनाभद्री मुसहर संस्था, देवानगञ्ज-१ ले मिति २०६६/०८/१३ मा गरिएको सम्मेलनमा भएको खर्च व्यवस्थापन गर्न कठिनाई भई सहयोग माग गरिएको हुँदा सो संस्थालाई अध्यक्ष राम सज्जन ऋषिदेव मार्फत रु. २००००/- (अक्षरेपी बीस हजार रूपैया मात्र) उपलब्ध गराउने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ मा छलफल गर्दा महालेखा परीक्षकको कार्यालयबाट यस गा. पा.को आ.व. २०६५/०६६ को वार्षिक लेखा प्रतिवेदनमा उल्लेख गरिएका तपसिलमा उल्लेखित ~~नियमित गर्ने~~ बेरूजुहरू आर्थिक ऐन नियमका आधारमा नै खर्च भएको रकम भएको र सो बाट कुनै ~~किर्ते~~ सरकारी हानी पुग्ने कार्य नभएको हुँदा उल्लेखित बेरूजुहरूलाई नियमित गर्न गाँउसभामा पेश गर्ने निर्णय गरियो।

१. **प्रतिवेदनको दफा नं. १६ परामर्शदाता :-** नियमानुसार योग्यता पुगेको परामर्शदाता नै छनौट भई कार्य भएको र उक्त डिजाइन स्टिमेट रु.१०,८४३७५।- कार्यापालिकावाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

२. **प्रतिवेदनको दफा १९ अमानतवाट कार्य :-** कन्टिजेन्सी वापत काटिएको रकम रु.१०,९५०।- गा.पा.को मर्मत कोष खातामा नै रहेको कार्यापालिकावाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

३. **प्रतिवेदनको दफा २३ सोझै खरिद :-** नियम ८५ (१ ख) बमोजिम एक अर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी विभिन्न आपूर्ती कर्तावाट खरिद गरेको रकम रु ४२,८१,७५०।९० कार्यापालिकावाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

४. **प्रतिवेदनको दफा २४ कार्यक्रम विपरित खर्च :-** १ नं. वडा कार्यालयको योजना किताबको सि.नं.३२ मा रहेको महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई साइकिल वितरण कार्याक्रम विशेष गाउँसभा मिति २०७६/०१/२३ गतेको निर्णयवाट संसोधन भई महिला स्वास्थ्य स्वयमसेविकालाई प्रोत्साहन भत्ता रकम वितरण कार्याक्रम भई खर्च भएको रकम रु.८०,०००।- कार्यापालिकावाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

५. **प्रतिवेदनको दफा २५ कार्यक्षेत्र वाहिर खर्च :-** हरिनगरा गा.पा.मा पर्ने हरिनगरा मा.वि.मा वाउण्ड्रीवाल निर्माण कार्यका लागि रु.१,००,०००।- कार्य क्षेत्रबाहिर गएर खर्च गरिएको भन्ने सम्वन्धमा यस गा.पा.वाट समेत कक्षा ११ र १२ विज्ञान संकायमा धेरै विद्यार्थीहरु उक्त विद्यालयमा अध्ययन गर्न जाने र उक्त विद्यालयले विद्यालयको भौतिक संरचना सुधारका लागि आर्थिक सहयोग उपलब्ध गराई दिन आग्रह गरेको हुँदा उक्त विद्यालयलाई सहयोग गर्ने सार्वजनिक प्रतिवद्धाता अनुरुप गउँसभावाट स्वीकृत वार्षिक कार्यक्रमअनुसार उक्त रकम हरिनगरा मा.वि.लाई वाउण्ड्रीवाल निर्माण कार्य गर्न निकासा गरिएको हो र अव आयीन्दा आफ्नो कार्यक्षेत्र वाहिर गएर खर्च नगर्ने भनि गा.पा.अध्यक्ष श्री लाली प्रसाद मेहताले प्रतिवद्धता समेत जनाउनु भएकोले कार्यापालिकावाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

५. **प्रतिवेदनको दफा नं.२८ कन्टिजेन्सी कट्टी :-** आ.व.२०७५/७६ मा कार्यालयमा काटीएको कन्टिजेन्सीवाट कार्यालयको इन्धनमा भएको खर्च रु.३,२२,३०५।- कार्यापालिकावाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

६. **प्रतिवेदनको दफा ३२ इन्धन सुविधा :-** प्रदेश नं. १ को गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन २०७५ को दफा ७ को उपदफा ४ बमोजिम भएकाले रकम रु.८,४६,०००।- कार्यापालिकावाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

७. **प्रतिवेदनको दफा ३३ पदाधिकारी अनुगमन बैठक भत्ता** :- गाउँ तथा नगर सभाका सदस्यहरुले आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विकास योजनाहरु अनुगमन तथा निरिक्षण गर्ने क्रममा बैठक बसी छलफल गरेवापत लिइएको अनुगमन भत्ता भएको हुँदा र अव उपरान्त यस्तो कार्यको भत्ता नलिने प्रतिवद्धता सदस्यहरुबाट भएकोल रकम रु.१,६५,०००।- कार्यापालिकाबाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

८. **प्रतिवेदनको दफा ३४ पदाधिकारी अनुगमन बैठक भत्ता** :- गाउँ तथा नगर सभाका सदस्यहरुले आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विकास योजनाहरु अनुगमन तथा निरिक्षण गर्ने क्रममा बैठक बसी छलफल गरेवापत लिइएको अनुगमन भत्ता भएको हुँदा र अव उपरान्त यस्तो यस वापतको भत्ता नलिने प्रतिवद्धता वडा अध्यक्ष ज्यूहरुबाट भएकोल रकम रु.१,२४,०००।- कार्यापालिकाबाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

९. **प्रतिवेदनको दफा ३६ अन्य पेश्की बाँकी** :- आर्थिक कार्यविधी, नियमावली २०६४ को नियम ७७ बमोजिम निम्न अनुसार फर्म/कम्पनी र संस्थालाई दिएको पेश्की कार्यापालिकाबाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| पेश्की मिती | पेश्की लिनेको नाम पद | पेश्की रकम |
|---|---|---|
| २०७५/१२/२२ | शाह/पण्डीत जेभी | ६०,०३०००।०० |
| २०७६/१२/२२ | शाह/आरके जेभी | १८४२७१८।०० |
| २०७६/०२/१२ | सरिता निर्माण सेवा | ७,१०,०००।० |
| जम्मा पेश्की रु | | ८५,५५,७१८।०० |

१०. **प्रतिवेदनको दफा ३७ आन्तरिक आम्दानी** :- मिति २०७६ आषाढ ८ गतेको कार्यपालिकाको निर्णय नं. ६ मा निकासी पैठारी ठेक्कामा ठेकेदार सुनिल कुमार यादवले रु.१०,०२,०००।० कबोल गरेकोमा सिमावर्तिरुपमा आयात तथा निर्यत वन्द भएको हुँदा आन्तरिक कारणले कबोल अंक संकलन गर्न नसकेकोले कबोल ठेक्काको अंकमा १५% छुट रकम रु.१,५०,३००।० कट्टा गरी वाँकी रकम असुल भएको कार्यापालिकाबाट स्वीकृत गरी गाउँसभामा नियममित गर्न पेश गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ मा छलफल गर्दा मिति २०६६/०६/३१ को सूचना बमोजिम दर्ता भएका बोलपत्र दाता मध्ये तपसिलमा उल्लेखित सबभन्दा कम कबल गरेकोले सर्तुत रुपमा प्रभावकारी भएको र विभिन्न मितिको मुल्याङ्कन समितिको निर्णय अनुसार ठेक्का स्वीकृत गरी आशयको सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

तपसिल :

| ~~क्र.सं.~~ | बोलपत्र दाताको नाम | कबल अंक रु. | कैफियत |
|---|---|---|---|
| १. | Dibya Nirman Sewa<br>Biratnagar-16<br>(DRM/ROADS/C/NCB/08/077/078) | १८,०१,६६५.२३<br>भ्याट सहित | पहिलो कम |
| २. | Bhagwatee Construction<br>Dewanganj<br>(DRM/ROADS/C/NCB/09/077/078) | ८९६००६.५०<br>भ्याट सहित | पहिलो कम |
| ३. | Joya And Brothers Construction<br>Inurwa<br>(DRM/ROADS/C/NCB/10/077/078) | १,०३,०३,३१८.३०<br>भ्याट सहित | पहिलो कम |
| ४. | Aaryush Construction& Supplyers.<br>Gadi<br>(DRM/BUILDINGS/C/NCB/05/077/078) | ५,६६,९६०.९५<br>भ्याट सहित | दोस्रो कम |

५. प्रस्ताव नं. ५ मा छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं. ४ (साबिक कप्तानगञ्ज-२) निवासी स्वर्गीय जोगबहादुर तुलाधरका छोराहरू रमेश कुमार तुलाधर, नरेश कुमार तुलाधर, उमेश कुमार तुलाधर र दिनेश तुलाधर समेतले देवानगञ्ज-४ (साबिक कप्तानगञ्ज-१) को रमेश कुमार तुलाधरको नाममा दर्ता कायम भएको कि.नं. २०३, नरेश कुमार तुलाधरको नाममा दर्ता कायम भएको कि.नं. २०४ र दिनेश तुलाधरको नाममा दर्ता कायम रहेको कि.नं. २०५ को जग्गा मध्ये १-०-० (१ बिघा) जग्गा भएसम्म र कार्यालय र बस स्टेण्ड ~~निर्माण~~ निर्माणको लागि निःशुल्क गाँउपालिकाको नाममा रजिस्ट्रेसन पास गरी दिने सहमति गर्नु भएको हुँदा जग्गा दाता लगायत सम्पूर्ण तुलाधर परिवारलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो । साथै उक्त निर्माण गरिने बस स्टेण्डको नाम जोग बहादुर तुलाधर बस स्टेण्ड नामकरण गर्ने निर्णय

गरियो। उल्लेखित जग्गामा बस स्टेण्ड अनुसार कार्यालय व्यवस्थापन गर्न नसकेमा जग्गा दाताको नै हुने समेत निर्णय गरियो। उक्त जग्गा सम्म जाने बाटो नेपाल सरकारको नाममा कायम गराउने निर्णय गरियो।

६. प्रस्ताव नं. ६ मा छलफल गर्दा माथि उल्लेखित जग्गा गाउँपालिकाको नाममा र सडक नेपाल सरकारको नाममा कायम गराउँदा लाग्ने राजस्व छुट गरिदिन मालपोत कार्यालयलाई इनरुवा अनुरोध गर्ने निर्णय गरियो।